# सन्धिखर्क नगरपालिका कार्यालय

सन्धिखर्क, अर्घाखाँची

## बोलपत्र आव्हानको सुचना

प्रकाशित मिति : २०७३/१०/०४

यस सन्धिखर्क नगरपालिका कार्यालय अन्तरगत निम्न सडकहरु बोलपत्रद्धारा कालोपत्रे गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यावसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको बोलपत्र आव्हान गरिन्छ ।

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ निर्माण व्यवसायीले कम्पनी संचालकको नागरीकताको प्रतिलिपी, व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिल ३० (तिसौं) दिन कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्रदताको नाम र ठेगानासमेत खोली कार्यालयलाई सम्बोधन गरी ३१ (एकतिसौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्ने कार्य गर्न बाधा पर्ने छैन ।

३. शिलबन्दी बोलपत्र फारमसाथ निम्न बमोजिमको धरौटी बापतको रकम यस सन्धिखर्क नगरपालिका कार्यालको सन्धिखर्क स्थित रा.वा. बैंकमा रहेको धरौटी खाता नं. ३००३ ग ३ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा जारी भएको शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि गणना हुनेगरि १२० दिनको म्याद भएको बैंक ग्यारेन्टी बिडबण्ड को सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो कार्यहरु भोलीपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

५. बोलपत्रदाताले आफुले कबोल गर्ने अंक/दर मुल्य अभिवृद्धि कर बाहेकको हुनु पर्नेछ ।

६. बोलपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

७. बोलपत्र पेश गर्न ईच्छुक निर्माण व्यवसायीहरुलाई यो सुचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) दिनमा यस कार्यालयमा प्रि विड मिटिंग आयोजना गरीनेछ ।

८. बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ ।

९. समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१०. बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

११. सूचनामा उल्लेख भएका बाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. बोलपत्र दर्ता गर्नु अगावै सम्बन्धित व्यवसायीहरुबाट साइट निरिक्षण गरी आवश्यक जानकारी लिन सकिने छ ।

१३. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१४. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समयभित्र ०७७-४२०११२ मा सम्पर्क गर्न सकिनेछ ।

१५. कामको विवरण निम्न अनुसार छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | कुल ल.ई रकम (कन्टिजेन्सी,मर्मत संभार र भ्याट समेत) | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०६/०७३/७४ | शंखेटारी कुर मोटर वाटो खण्डको जिरो प्वाइन्ट भगवती मन्दीरहुदै प्रगतिबजार,मसाल बजार, , पेट्रोलपम्प, कजवे, देखि गुन्टीखोला सि.सी.क्यामरा राखेको चोक भित्र देखि सन्धिखर्क तल्लोलाईन शान्ति बगैंचा सडक कालोपत्रे तथा पक्की नाली निर्माण कार्य | ४४०००००/- | १,१०,०००/- | रु. १०००/- |
| २. | ०७/०७३/७४ | शान्ती बगैचा, देवराजको घर देखी बैंक रोड मिडिया चोक गुन्टीखोला पाणीनी चोक हुदैं बसपार्क दवेको स्थान देखी रतहले हुँदै खोलापारी रुब्दी तथा लध्दाम बगैंचा सडक खण्ड कालोपत्रे तथा पक्की नाली निर्माण कार्य | ९८,०३०००/- | २,४५,०७५/- | रु. ३०००/- |

सन्धिखर्क नगरपालिका कार्यलय

सन्धिखर्क, अर्घाखांची